# दैनिक कार्यको जानकारी

## प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सरोकारवालाहरूका लागि एक दिने कार्यशाला

आज मिति २०८२ जेष्ठ २० गते सामाजिक विकास मन्त्रालयको आयोजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) सरोकारवालाहरूका लागि एक दिने कार्यशाला सम्पन्न भएको छ। उक्त कार्यक्रम विराटनगर स्थित कञ्चनजङ्घा पार्टी प्यालेसमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा ओखलढुंगा, सुनसरी, धनकुटा, खोटाङ, उदयपुर, संखुवासभा, भोजपुर र सोलुखुम्बु, जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईका इकाई प्रमुखज्यूहरू, सम्बन्धित जिल्लाका स्थानीय तहका शिक्षा महाशाखा/शाखा का शिक्षा शाखा प्रमुख, आठ जिल्लामा सञ्चालन भएका १५ वटा प्राविधिक शिक्षालय/विद्यालयहरूका प्राचार्य/प्रअ को लागि आयोजना गरिएको उक्त कार्यक्रमको उद्घाटन सत्रमा कार्यक्रमको अध्यक्षता सामाजिक विकास मन्त्रालयका सचिव श्री हेमराज तामाङज्यूले गर्नुभएको थियो। प्रमुख अतिथि रुपमा CTEVT प्रदेश कार्यालय इटहरी, सुनसरीका निर्देशक श्री उमेश प्रसाद खरेलज्यू तथा सहजकर्ताको रुपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सानोठिमी भक्तपुरका स्तर निर्धारण महाशाखाका निर्देशक श्री प्रमोद भक्त आचार्यज्यू, पाठ्यक्रम तथा समकक्षता निर्धारण महाशाखाका निर्देशक श्री विनोद बडालज्यू रहनु भएको थियो । कार्यक्रममा मन्त्रालयका महाशाखा प्रमुखज्यूहरू दामोदर फुयल, दुर्गा भण्डारी (बराल), यादव प्रसाद दुलाल, लक्ष्मी न्यौपाने साथै तालिम प्रमुख गोपाल प्रसाद दाहालज्यूको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा परियोजना सञ्चालन बाहेकका दुईवटा विद्यालयहरू,उद्योग परिसंघ मोरङ, उद्योग संगठन कोशी प्रदेश समेतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम(TVET) का क्षेत्रमा स्तर निर्धारण, TSSPको परिचय, आवश्यकता तथा महत्व, TSSP ले औंल्याएका महत्वपूर्ण विषयवस्तु, यसको आवश्यकता तथा महत्व, प्रादेशिक TSSP निर्माण र कार्यान्वयन योजना जस्ता विषयवस्तुमा सहजीकरण श्री प्रमोद भक्त आचार्यज्यू ले दुईवटा सेसन मा कक्षा सञ्चालन गर्नुभयो। राष्ट्रिय पाठ्यक्रम प्रारुपको अवधारणा, राष्ट्रिय पाठ्यक्रम प्रारुपको NVQS सँगको सम्बन्ध, प्रादेशिक TVET प्रोफायल निर्माणका विषयमा सहजिकरण श्री विनोद बडालज्यू ले गर्नुभयो। उक्त कार्यक्रमको समापन शिक्षा विकास तथा समन्वय इकाई धनकुटाका इकाई प्रमुख श्री मोहान राईले गर्नुभयो ।





कार्यक्रम पश्चात सम्पूर्ण सहभागिहरूको सामुहिक फोटो।





CTEVT निर्देशक श्री विनोद बडाल सर बाट सहजीकरण गरिदै ।

श्रीमान् सचिवज्यू ।



श्रीमान् महाशाखा प्रमुखज्यू ।